# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको ६३ औं बैठकका निर्णयहरु

## (२०७८ माघ २७ गते विहान ८:३० वजे)

**निर्णय नं : १**

मिति २०७५।०६।१९ मा त्रिभुवन विश्वविद्यालय, भरतपुर महानगरपालिका र कृषि तथा वन विज्ञान विश्वविध्यालयबीच आपसी सहमति पत्रमा हस्ताक्षर भई कृषि तथा वन विज्ञान विश्वविद्यालयको भोगाधिकार रहेको जग्गामा अन्तराष्ट्रियस्तरको रंगशाला निर्माण गर्ने अवधारणा अनुसार मिति २०७५।१०।१६ मा भरतपुर महानगरपालिका र धुर्मुस सुन्तली फाउण्डेशनबीच आपसी सहमतिपत्रमा हस्ताक्षर भई फाउण्डेशनले जनस्तरबाट रकम सङ्कलन गरी गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माण गर्ने र निर्माण सम्पन्न पश्चात महानगरपालिकालाई हस्तान्तरण गर्ने गरी सम्झौता भएको थियो। कोभिड १९ लगायत अन्य कारण देखाई रकम उठ्न नसकेको र हालसम्मको कार्य गर्दा धुर्मुस सुन्तली फाउण्डेशनलाई थप ऋणसमेत लागेकोले निर्माणको कार्य रोकिएको र बाँकी कार्य अघि बढाउन नसक्ने व्यहोरा खुलाई फाउण्डेशनले स्वामित्व लिन महानगरपालिकालाई मिति २०७८।०९।०२ मा पत्राचार गर्नुको साथै मिति २०७८।१०।२० मा उक्त रंगशालाको स्वामित्व हक दावी नरहने व्यहोराको मन्जुरीनामासमेत महानगरपालिका समक्ष दिएको छ। रंगशाला निर्माणको काम रोकिएकोले निर्मित संरचनालाई क्षति हुनबाट जोगाउन तथा अधुरो कार्य सम्पन्न गर्ने सम्बन्धमा महानगरपालिकाले आफ्नो आन्तरिक श्रोतबाट रु ८ करोड ५ लाख तथा अन्य सरकारी तहबाट समेत रकम विनियोजित भई खर्च भएको देखिएकोले हालसम्म निर्मित संरचनाको तेस्रो पक्षबाट प्राविधिक तथा वित्तीय मूल्याकंन गर्ने गरी मिति २०७८ मङ्सिर २९ गतेको ६०औं कार्यापालिका बैठकबाट सघन शहरी तथा भवन निर्माण आयोजना चितवन तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थासँग अनुरोध गर्ने निर्णय गरिएकोमा चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट प्राप्त रायका आधारमा जि प्रकाश एण्ड एसोसिएट्स शंखमूल,नयाँ बानेश्वरलाई कार्यभार दिएकोमा महानगरपालिकालाई प्राविधिक तथा वित्तीय प्रगति प्रतिवेदन पेश भएको र उक्त प्रतिवेदनहरुका अनुसार हालसम्मको भौतिक प्रगति रु ५०,२०,७८,७४६.७४ अक्षेरुपी रु पचास करोड बीस लाख,अठहत्तर हजार,सात सय छयालीस रुपैंयाँ,चौरहत्तर पैसा मात्र (vat, overhead & contingency बाहेक) देखिएको, फाउण्डेशनले आपसी समझदारी विपरीत विभिन्न सहकारी तथा व्यक्तिगत र अन्य संस्थाबाट ऋण लिई कार्य गरेको अवस्था देखिएकोले सो ऋण चुक्ता सहित थप तिर्न पर्ने दायित्वसमेत वित्तीय प्रतिवेदनमा देखिएकोले उक्त दायित्व रकम तिर्न र फाउण्डेसनले गरेको जम्मा आम्दानी जम्मा रु ३९,८०,३८,५८८ (अक्षेरुपी रु उनन्चालीस करोड असी लाख अठ्तीस हजार पाँच सय अठासी रुपैंयाँ) रहेको र मूल्याङ्कन गर्ने दिनसम्मको ऋण दायित्व दायित्व रु १८,४३,००,४२४ (अक्षेरुपी रु अठार करोड त्रिचालीस लाख, चार सय चौबिस रुपैंयाँ) रहेको देखिन्छ । बाँकी रहेको अधुरो कार्यलाई निरन्तरता दिनको

लागि महानगरपालिकाको आफ्नो आन्तरिक आयले धान्न सक्षम नभएकोले तथा बाँकी अधुरो कामको निर्माण कार्यसम्पन्न गर्नको लागिसमेत महानगरपालिकाको वर्तमान क्षमताले नसक्ने भएकोले नेपालसरकारले स्वामित्व ग्रहण गरी राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाका रुपमा अगाडि बढाउन उपयुक्त देखिएकोले उक्त प्रतिवेदनहरु सहित नेपाल सरकार युवा तथा खेलकूद मन्त्रालय समक्ष आवश्यक निर्णयका लागि अनुरोध गरी पठाउने निर्णय सर्वसम्मतिले गरियो।

निर्णय नं : २

भरतपुर महानगर ज्येष्ठ पत्रकार निवृत्तिभरण कार्यान्वयन कार्यविधि, २०७८ लाई सर्वसम्मतिले स्वीकृति गर्ने निर्णय गरियो ।

निर्णय नं : ३

नेपाल पत्रकार महासंघ जिल्ला शाखा चितवनले वडा नं ११ मा पूर्व खोल्सो, पश्चिम बाइपास सडक, उत्तर गणेशस्थान सहकारी भवन, दक्षिण मन्जुश्री असहाय केन्द्र पछाडिको कम्पाउण्ड बीचको चार किल्ला अन्दाजी डेड कट्ठा जग्गा संरक्षण र उपयोगका लागि माग गरेकोमा सो सम्बन्धमा सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनीति २०७१ बमोजिमको जिल्ला सिफारिश समितिमा आवश्यक कार्यार्थ सिफारिश गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

निर्णय नं : ४

भरतपुर महानगरपालिका वडा नं. २२ स्थित गङ्गानगर दुग्ध उत्पादन सहकारी लि.ले खरिद गर्ने घर तथा जग्गा दान प्राप्तिमा लाग्ने राजश्व छुटका लागि सिफारिश माग भएकोले सहकारी ऐन, २०७४, वागमती प्रदेशको सहकारी ऐन, २०७६ बमोजिम गठित सो सहकारी रहेकोमा वागमती प्रदेश आर्थिक ऐन, २०७८ को अनुसूची १(ग) को १५ बमोजिम भवन तथा जग्गा खरिद गर्दा स्थानीय तहको सिफारिशमा राजश्व छुट हुने व्यवस्था भएकोमा सो का लागि सिफारिश गरी पठाउने निर्णय सर्वसम्मतिले गरियो ।

निर्णय नं : ५

भरतपुर महानगरपालिका क्षेत्रभित्र विज्ञापन प्रचारप्रसार सामग्रीहरूको विज्ञापन कर सङ्कलन गर्ने आ.ब. २०७८। ७९ देखि २०८०।८१ सम्म तीन आ.व. का लागि २०७८।०७।२३ को सूचना बमोजिम ठेक्का सम्झौताका बखत आ व २०७८।७९ को एकमुष्ट रकम दाखिला गरी आ ब २०७९।८० का लागि कबोल रकम र सोमा लाग्ने कर समेत बराबरको बैंक जमानत पेश भएपछि मात्र संझौता गर्ने र आव ८०।८१ का लागि कबोल गरेको रकमको बैंक जमानत २०८० जेठ १५ भित्र पेश गर्नुपर्ने र आगामी २ आ ब को राजस्व दाखिला ६।६ महीनामा २।२ किस्तामा हुने गरी बोलपत्र प्रक्रियाबाट छनौट भएको प्रनिश कन्स्ट्रशन भरतपुर ११ चितवनसँग तीन वर्षको बहुवर्षीय ठेक्का सम्झौता गरी कार्य गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

Scanned with CamScanner

**निर्णय नं : ६**

भरतपुर महानगरपालिका परिसरमा रहेको चमेना गृहको सञ्चालन गर्ने कार्यका लागि २०७८।०९।०४ मा प्रकाशित सूचना बमोजिम ठेक्का स्वीकृत भएको इजाजत प्राप्त फर्म सत्यवती कन्स्ट्रक्शन प्रा.लि. सँग आ.व. २०७८।७९ देखि २०८०।८१ सम्म (तीन आ.व.) का लागि बहुवर्षीय सम्झौता गरी कार्य सञ्चालन गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

**निर्णय नं : ७**

पञ्जीकरण शाखामा कार्यरत २ जना MIS Operators र एक जना फिल्ड सहायकहरूको सेवालाई निरन्तरता दिनका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा प्रतिवद्धता पठाउने निर्णय सर्वसम्मतले गरियो ।

**निर्णय नं : ८**

भरतपुर मेट्रोप्लाजा आयोजनाको Financial Closure को समय माघ २३ गते सम्म रहेकोमा प्राविधिक कारण देखाउँदै थप समय माग भइआएकोमा सोको प्राविधिक औचित्यसहित पेश हुन आएकोले सोको म्याद २०७८।१२।२९ सम्म थप गर्ने निर्णय सर्वसम्मतले गरियो ।

**निर्णय नः ९**

भरतपुर मेट्रो प्लाजा तथा महानगरको प्रशासनिक भवनको प्राविधिक कार्यहरुको अनुगमन तथा सहजीकरणका लागि देहायबमोजिमको प्राविधिक समिति निर्माण गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

संयोजकः ई भरत कुमार आचार्य

सदस्यः आर्थिक प्रशासन महाशाखा प्रमुख

सदस्यः ई ज्योति लम्साल

सदस्यः ई. सन्तोष आचार्य

सदस्यः ई घनश्याम मिश्र

सदस्यः अस्मिता खनाल

सदस्यः ई मञ्जु शर्मा

सदस्य सचिवः ई रवि थापा मगर

**निर्णय नः १०**

भरतपुर महानगरपालिका भित्रका विकास निर्माणका कार्यहरुको सम्बन्धमा आवश्यकताबमोजिम प्राविधिक परीक्षण गरी सिफारिस गर्नका लागि देहाय बमोजिमको प्राविधिक समितिको गठन गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

संयोजकः ई भरत कुमार आचार्य

Scanned with CamScanner

सदस्यः ई सन्तोष आचार्य

सदस्यः ई घनश्याम मिश्र

सदस्यः ई सूर्यप्रकाश लामा

सदस्य सचिवः ई कृष्णबहादुर मल्ल ठकुरी

निर्णय नः ११

भरतपुर महानगरपालिका वडा नं. २९ जुगेडी स्थित निजि जग्गाबाट माटो, ढुंगा, ग्राभेल उत्खननका लागि पेश हुन आएका तपशिल बमोजिमका प्रारम्भिक वातावरणीय परिक्षण अध्धयनको अन्तिम प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

१. जग्गाधनी श्री दल बहादुर गुरुङको नाममा दर्ता कायम रहेको साविक कविलास गा.वि.स. २/ग कि.नं. ३९७ को ज.वि. २८७८.३७ ब.मि जग्गा (परामर्श दाता Aarambha Engineering and Development initiatives Pvt.Ltd., अनामनगर, काठमाडौं)
२. जग्गाधनी श्री माहिला गुरुङको नाममा दर्ता कायम रहेको साविक कविलास गा.वि.स. २/ग कि.नं. १५०को ज.वि. २२४७.९८ ब.मि. जग्गा (परामर्श दाता Aarambha Engineering and Development initiatives Pvt.Ltd., अनामनगर, काठमाडौं)
३. जग्गाधनी श्री हेमराज बस्यालको नाममा दर्ता कायम रहेको साविक कविलास गा.वि.स. २ङ कि.नं. १२२ को ज.वि. ०-१५-०-० र ०-९-१५.४ जग्गा (परामर्श दाता Aarambha Engineering and Development initiatives Pvt.Ltd., अनामनगर, काठमाडौं)
४. जग्गाधनी श्री बामदेव अधिकारीको नाममा दर्ता कायम रहेको साविक कविलास गा.वि.स. २/ग कि.नं. १०२४को ज.वि. २२००.९० ब.मि. जग्गा (परामर्श दाता Aarambha Engineering and Development initiatives Pvt.Ltd., अनामनगर, काठमाडौं)
५. जग्गाधनी श्री भीम बहादुर गुरुङको नाममा दर्ता कायम रहेको साविक कविलास गा.वि.स. २/च कि.नं. १ र ४ को ज.वि. क्रमशः ०-३-९.७५-० र ०-४-७.५-० (११८०.९६ ब.मि. र १४८१.५० व.मि.) जग्गा (परामर्श दाता Chetana Engineering Service Pvt.Ltd., भरतपुर-११, चितवन)

निर्णय नः १२

उपभोक्ता समितिमार्फत निर्माण गर्ने गत आर्थिक वर्षका अधुरा योजनाहरूको म्याद दोस्रो पटक थप गरी २०७८ माघ सम्म भएकोमा अझै केही योजनाहरुमा प्राविधिक समस्या रहेकोले त्यस्ता योजनाहरुको म्याद अन्तिम पटकका लागि २०७८ चैत्र मसान्त सम्म थप गर्ने निर्णय सर्वसम्मतले गरियो ।

Scanned with CamScanner

निर्णय नः १३

यस नगरकार्यपालिकाको ओ एण्ड एम सर्वेको काम सञ्चालन भइरहेकोले कार्यालयमा रिक्त दरबन्दी मध्ये अत्यावश्यकबाहेक कुनै पनि पदमा सरुवा आउन सहमति प्रदान नगर्ने निर्णय सर्वसम्मतले गरियो ।

निर्णय नं १४

नागरिकहरुको गुनासो सुनुवाईका लागि डेस्क स्थापना गर्ने र गुनासो उपर द्रुत रेस्पोन्स टोली खटाउने निर्णय सर्वसम्मतिले गरियो ।

निर्णय नं १५

"घ" वर्गको निर्माण इजाजत तथा म्याद नाघेका देहाय बमोजिमका निर्माण कम्पनी र फर्महरुको इजाजत र नवीकरण गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

| क्र.स. | फर्मको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय गोबर ग्यास कम्पनी | भरतपुर-१० चितवन | नयाँ दर्ता |
| २ | इन्सपायर इन्जिनियरिङ्ग कन्सल्ट एण्ड बिल्डर्स | भरतपुर-४ चितवन | नयाँ दर्ता |
| ३ | बिल्डकन डिजाइन एण्ड डेभलपर्स | भरतपुर ९ चितवन | नयाँ दर्ता |
| ४ | दुर्गा प्रकाश निर्माण सेवा | भरतपुर-११ चितवन | म्याद नाघेको नबिकरण |
| ५ | एस वन बिल्डर्स एण्ड सप्लायर्स प्रा.ली. | भरतपुर-०२ चितवन | म्याद नाघेको नबिकरण |

निर्णय नं १६

भरतपुर महानगरपालिका वडा नं ३ मा आव २०७८।७९ को वडास्तरीय बजेटको सिनं १५ पाना नं ५३ मा बिनियोजित कार्यक्रमबाट रु ६७,४५४ अक्षेरुपी सतसट्ठी हजार चार सय चउन्न रुपैयाँको कार्यसम्पन्न भएकोमा सो रकम भुक्तानी छुट शीर्षकमा छुट्न गएको भनी वडाबाट प्राप्त शिफारिससमेतका आधारमा भुक्तानी दिन बाँकी योजना शीर्षकबाट भुक्तानी दिने निर्णय सर्वसम्मतिले गरियो ।

निर्णय नं १७

बहुउद्देश्यीय सहकारी संस्था दर्ता र सिफारिस सम्बन्धमा भरतपुर महानगरपालिकाको नियमन क्षेत्राधिकारमा रहने गरी माग अनुसार बहुउद्देश्यीय सहकारी संस्था दर्तालाई निरन्तरता दिन सहकारी तथा रोजगार प्रवर्द्धन शाखा, भरतपुर महानगरपालिकालाई निर्देशन गर्ने तथा बागमती प्रदेश वा सहकारी विभागको नियमन क्षेत्राधिकारमा रहने गरी भरतपुर महानगरपालिकामा नयाँ सहकारी संस्था दर्ता र सदस्य सेवा केन्द्र संचालन गर्न बागमती प्रदेश र सहकारी विभागमा सहमति सहित सिफारिसको लागि माग भएको खण्डमा माग वमोजिम सहमति सहित सिफारिश गर्न सहकारी तथा रोजगार प्रवर्द्धन शाखा, भरतपुर महानगरपालिकालाई निर्देशन गर्ने निर्णय सर्वसम्मतले गरियो ।

Scanned with CamScanner

**निर्णय नं १८**

भरतपुर महानगरपालिकाको प्रशासकीय भवनको विस्तृत परियोजना प्रतिवेदन डिपिआर परामर्शदाता कम्पनी N.R. CONSTRUCTION AND ENGINEERING CONSULTANT PVT.LTD द्वारा बुझाएको र सोको प्राविधिक पक्षको जिम्मेवारी उपरोक्त संस्थाको रहने गरी सो विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

**निर्णय नं १९**

भरतपुर महानगरपालिका वडा नं ५ बस्ने गंगा परियारको आर्थिक अवस्था निकै दयनीय भएको र श्रीमान दीर्घ रोगबाट पिडीत भएकोले निजलाई आर्थिक सहायताका लागि वडाध्यक्षबाट शिफारिस भइ आएकोले निजलाई रु १५००० अक्षेरुपी पन्ध्र हजार रुपैंया मात्र आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्वसम्मतिले गरियो ।

**निर्णय नं २०**

भरतपुर महानगरपालिका वडा नं १३ मा बस्ने आशिराम महतोको श्रीमति किचुइ महतो थारु अपाङ्ग भएको र निजको आर्थिक अवस्था समेत कमजोर भएको हुँदा ह्वील चेयर खरीद गर्न नसक्ने भएको भनी निवेदन दिएकोले र वडाको शिफारिस प्राप्त भएकोले निजलाई सो खरीद गर्नका लागि रु ९००० अक्षेरुपी रु नौ हजार रुपैंया, भरतपुर महानगरपालिका वडा नं. २५ का पूर्व जनप्रतिनिधि शिखराम महतोको आर्थिक अभावको कारण उपचार गर्ने नसक्ने अवस्था रहेको हुनाले निजको उपचार वापत रु. ३००००/- र भरतपुर महानगरपालिका वडा नं. ८ निवासी श्री राजेन्द्र नेपाली जनयुद्धको क्रममा घाइते भई हाल अस्वस्थ रहेको हुनाले निजको उपचार वापत रु. ५० हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं २१**

भरतपुर महानगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि डिपिआर बमोजिमको रकम रु ९४ करोड रुपैयाँ कायम भएकोमा महानगरपालिकाले यस आ.व. मा विनियोजित रकम नपुग भएकोले वाग्मती प्रदेश सरकारबाट कायम हुने ठेक्का रकमको पचास प्रतिशतको स्रोतको सुनिश्चिता प्राप्त हुने निर्णय भएको र नेपाल सरकार अर्थमन्त्रालयबाट रु ३५ करोडको स्रोतको सुनिश्चितता प्राप्त हुने क्रममा रहेकोले सो प्राप्त भए पश्चात बहुवर्षीय ठेक्का ब्यवस्थापन गरी कार्य अघि बढाउन टेण्डरको प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मतिले गरियो ।

**निर्णय नं २२**

तपसिल बमोजिमका योजनाहरूको छुट भुक्तानी दिने निर्णय गरियो।

Scanned with CamScanner

भरतपुर महानगरपालिका,नगर कार्यपालिका को कार्यालय,भरतपुर,चितवन

२०७७/०७८ मा सम्झौता भै भुक्तानी को लागि छुट भएका अधुरा योजनाहरुको विवरण

| क्र.स | मिति | योजना | कार्य | स्रोत | वडा | | जम्मा | छुट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १०/१३/२०७८ | रात्रि टोल विकास संस्थाको शोभाकर लामिछानेको घरबाट तेजराज सुवेदीको घर जाने सडकको पोल सर्ने कार्य | पोल शार्ने | नगर | १३ | | १६२८१ | १६२८१ | ० | ० |
| २ | १०/१३/२०७८ | सगमागा टोल मार्ग ११ मा ३० मिटर पिच निर्माण | पिच | वडा | ८ | | २३०७३२ | १८९००० | ४१७३२ | |

Scanned with CamScanner